# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः १०* | *संख्याः ४* | *मितिः २०८२/०३/३२*


### भाग-१

### फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

---

## फाकफोकथुम गाउँपालिकाको विनियोजन ऐन, २०८३

**फाकफोकथुम गाउँपालिकाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियोजनको नाम "फाकफोकथुम गाउँपालिका विनियोजन ऐन, २०८३" रहेको छ ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची- १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ५२,५६,१७,९९० (अक्षरेपी बाउन्न करोड छपन्न लाख सत्र हजार नौ सय नब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस विनियोजनद्वारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त फाकफोकथुम गाउँपालिका गाउँ कार्यपालिकाको

४. कार्यालय, वडा कार्यालय एवं विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फाकफोकथुम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा फाकफोकथुम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । चालु खर्च शिर्षकबाट पूँजीगत खर्च शिर्षकमा रकमान्तर गर्न सकिनेछ भने पूँजिगत खर्च अन्य चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) संचित कोषबाट विनियोजन हुने रकम **अनुसूची-१** वमोजिम हुनेछ । संचित कोषमा जम्मा हुने रकमको श्रोत र रकम अनुमान **अनुसूची २** वमोजिम हुनेछ ।

## अनुसूची-१
## (दफा २ सँग सम्बन्धित)
## संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | 144515267 | 102100000 | 246615267 |
| २. | १ नं. वडा कार्यालय | 1915923 | 2310000 | 4225923 |
| ३. | २ नं. वडा कार्यालय | 2724000 | 1425800 | 4149800 |
| ४. | ३ नं. वडा कार्यालय | 1522000 | 2561800 | 4083800 |
| ५. | ४ नं. वडा कार्यालय | 1680800 | 2500000 | 4180800 |
| ६. | ५ नं. वडा कार्यालय | 2882400 | 1150000 | 4032400 |
| ७. | ६ नं. वडा कार्यालय | 1700000 | 2380000 | 4080000 |
| ८. | ७ नं. वडा कार्यालय | 2305000 | 1745000 | 4050000 |
| ९. | स्वास्थ्य शाखा सशर्त/आयुर्वेद समेत | 38100000 | 0 | 38100000 |
| १०. | शिक्षा शाखा (सशर्त) | 201200000 | 3000000 | 204200000 |
| ११. | कृषि विकास शाखा | 3200000 | 0 | 3200000 |
| १२. | पशुपंक्षी सेवा शाखा | 2800000 | 0 | 2800000 |
| १३. | महिला बालवालिका तथा समाजकल्याण शाखा | 1400000 | 0 | 1400000 |
| १४. | न्यायिक समिति सञ्चालन खर्च | 500000 | 0 | 500000 |
| | | | जम्मा | **525617990** |

## अनुसूची -२
## (दफा २ सँग सम्बन्धित)
## संचित कोषमा आम्दानीको श्रोत

| क्र.सं. | शीर्षकको नाम | जम्मा |
|---|---|---|
| १. | सङ्घीय समानीकरण अनुदान | 95900000 |
| २. | संघीय राजश्व बाँडफाँड | 81803000 |
| ३. | विशेष अनुदान संघीय सरकार | 15000000 |
| ४. | समपुरक अनुदान संघीय सरकार | 18400000 |
| ५. | सशर्त अनुदान चालु नेपाल सरकार | 246900000 |
| ६. | सशर्त अनुदान पुँजीगत नेपाल सरकार | 8400000 |
| ७. | प्रदेश समानिकरण अनुदान | 8594000 |
| ८. | प्रदेश राजश्व बाँडफाँड | 7520990 |
| ९. | सशर्त अनुदान चालु प्रदेश सरकार | 5200000 |
| १०. | सशर्त अनुदान पुँजीगत प्रदेश सरकार | 6900000 |
| ११. | समपुरक अनुदान प्रदेश सरकार | 14000000 |
| १२. | गत आवको नगद मौज्दात (अनुमानित) | 3500000 |
| १३. | आन्तरिक श्रोत (अनुमानित) | 11500000 |
| १४. | जनसहभागिता/घरजग्गा रजिस्ट्रेशन | 2000000 |
| | जम्मा | 525617990 |

आज्ञाले

निर्मल तुम्ब्रोक

(प्रमुख प्रशासकीय अधिकृत)